कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई-पेपरका लागि स्क्यान गर्नुहोस्।)

वर्ष: २६ अंक: १८३ वि.सं. २०८३ असोज २९ बिहिवार नेपाल संवत: ११४६, असोज शुक्ल पञ्चमी Thursday 15 October 2026 yugaawhan@gmail.com पृष्ठ: ४ मूल्य: ५ ।-

लोककल्याणकारी विज्ञापन व्यवस्थित र पारदर्शी बनाउन कानुन निर्माण हुँदैछ : सांसद थारु

युग संवाददाता
बाँके ,२८ असोज ।

प्रतिनिधिसभा सदस्य ठाकुर सिंह थारुले लोककल्याणकारी विज्ञापनलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन सरकारले कानुन निर्माणको प्रक्रिया अघि बढाएको बताएका छन् । नेपाल पत्रकार महासंघ बाँके शाखाले बुधबार नेपालगञ्जमा आयोजना गरेको चाडपर्व विशेष शुभकामना आदान प्रदान तथा सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै सांसद थारुले लोककल्याणकारी विज्ञापनमा ठूलो बेरुजु देखिएको उल्लेख गर्दै यसको व्यवस्थापनका लागि कानुनको मस्यौदा तयार भइरहेको जानकारी दिएका हुन् ।

बर्दिया क्षेत्र नम्बर १ बाट निर्वाचित सांसद तथा नेपाल पत्रकार महासंघ बाँके शाखाका पूर्व अध्यक्ष समेत रहेका थारुले सञ्चारमन्त्रीसँगको भेटमा आफूले लोककल्याणकारी विज्ञापनको विषयलाई प्राथमिकताका साथ उठाएको बताए । सञ्चारमन्त्री यस विषयमा सकारात्मक र प्रतिबद्ध देखिएको उल्लेख गर्दै उनले समस्या छिट्टै समाधान हुने विश्वास व्यक्त गरे ।

थारुले पत्रकारिताको गरिमा र विश्वसनीयता जोगाउन आवश्यक रहेकोमा जोड दिँदै पत्रकारिता, सञ्चार माध्यम र व्यक्तिगत सामाजिक सञ्जालका सामग्रीबीचको भिन्नता बुझ्नुपर्ने बताए । पत्रकारिताको जिम्मेवारी र मर्यादालाई सामाजिक सञ्जालमा व्यक्त गरिने व्यक्तिगत विचारसँग जोडेर हेर्न नहुने उनको भनाई थियो । आफूले नेतृत्व गरेको संस्थाले सम्मान गरेकोमा खुसी व्यक्त गर्दै उनले महासंघको संस्थागत विकासका लागि गरिने यस्ता प्रयासको प्रशंसा गरे ।नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष शुक्रऋषि चौलागाईले पत्रकारिताको व्यावसायिकता, मर्यादा र विश्वसनीयता कायम राख्न पत्रकारहरू स्वयं जिम्मेवार र प्रतिबद्ध हुनुपर्नेमा जोड दिए । पत्रकारिता क्षेत्रप्रति जनविश्वास अभिवृद्धि गर्न सत्यतथ्यमा आधारित समाचार सम्प्रेषण, आचारसंहिताको पालना र जिम्मेवार पत्रकारितालाई प्राथमिकता दिनुपर्ने उनको भनाइ थियो । उनले पत्रकारहरूको हकहित संरक्षणसँगै उनीहरूको क्षमता विकास र संस्थागत सुदृढीकरणमा महासंघले प्रभावकारी भूमिका खेल्नुपर्ने बताए ।

नेपाल पत्रकार महासंघ बाँके शाखाका अध्यक्ष नवीन गिरीले महासंघको कार्यसमितिमा रहेर संस्थागत विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका पूर्व पदाधिकारी तथा अग्रजहरूलाई सम्मान गर्ने संस्कारको सुरुवात गरिएको बताए । यसलाई थप बृहत् बनाउँदै आगामी दिनमा सम्मानको शृङ्खला निरन्तरता दिइने उनले उल्लेख गरे । पत्रकारिता क्षेत्रलाई स्वच्छ, मर्यादित र जिम्मेवार बनाउन सबै पत्रकार प्रतिबद्ध हुनुपर्नेमा जोड दिँदै गिरीले पत्रकारहरूको क्षमता विकास, संस्थागत सुदृढीकरण र पत्रकारिताको गरिमा अभिवृद्धिका लागि शाखा क्रियाशील रहेको बताए ।

कार्यक्रममा विजयादशमी, तिहार, नेपाल संवत् ११४७ तथा छठ पर्वको अवसरमा शुभकामना आदानप्रदान गरिएको थियो । सोही अवसरमा महासंघको संस्थागत विकासमा योगदान पुऱ्याएका पूर्व अध्यक्ष, पूर्व पदाधिकारी, पूर्व सदस्य तथा पूर्व सल्लाहकारहरूलाई सम्मान गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि सांसद थारु, विशिष्ट अतिथि नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष चौलागाईं र शाखा अध्यक्ष गिरीले सम्मान गरेका थिए । शाखाका पूर्व अध्यक्ष थारु र प्रदेश अध्यक्ष चौलागाईंलाई पनि अध्यक्ष गिरीले सम्मान गरेका थिए ।

कार्यक्रममा महासंघका पूर्व अध्यक्षहरू निरजकुमार गौतम र झलक गैरे, नेपाल प्रेस युनियन बाँकेका अध्यक्ष कमल खत्री, क्रियाशील पत्रकार महिला बाँकेकी अध्यक्ष सावित्री गिरी, अग्रज पत्रकार अछरी पोखरेल तथा महासंघका पूर्व उपाध्यक्ष सिराज खान लगायतले चाडपर्वको शुभकामना व्यक्त गरेका थिए ।

▶ बाँकी ४ पेजमा

दिनप्रतिदिन महङ्गिदै भान्सा

एक वर्षमै तरकारी–फलफूलको थोक मूल्य ३७ प्रतिशतले बढ्यो

वीरेन्द्रनगरस्थित बुलबुले कृषि हाट बजार व्यवस्थापना समितिले उपलब्ध गराएको तथ्यांक अनुसार तरकारी तथा फलफूलको औसत थोक मूल्य एक वर्षमै ३७.१० प्रतिशतले बढेको छ । २०८१ असोजमा एक सय आठ रुपैयाँ ६५ पैसा रहेको औसत मूल्य २०८२ मा घटेर ८७ रुपैयाँ ४६ पैसामा झरेको थियो । तर, एक वर्षमै मूल्यले पुरानो स्तर पार गर्दै तीन वर्षकै उच्च बिन्दु छोएको छ । अहिलेको औसत मूल्य २०८१ असोजको तुलनामा पनि १०.३६ प्रतिशत बढी छ । यसले अघिल्लो वर्ष सस्तिएको बजारमा पुनः मूल्यवृद्धिको दबाब देखाउँछ ।

ओम शाही
सुर्खेत, २८ असोज ।

कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा तरकारी तथा फलफूलमा अचाक्ली महंगी बढेको छ । दैनिक उपभोग्य वस्तुहरूको मूल्य निरन्तर बढ्दा सर्वसाधारणको भान्साको बजेट अस्तव्यस्त बन्दै गएको छ । वीरेन्द्रनगरमा दसैँ पेरिफेरीका तीन आर्थिक वर्षका तीन महिनामा विक्रिवितरण भएका तरकारी तथा फलफूलको थोक मूल्य विश्लेषण गर्दा बजारमा ठूलो उतारचढाव देखिएको छ ।



वीरेन्द्रनगरस्थित बुलबुले कृषि हाट बजार व्यवस्थापना समितिले उपलब्ध गराएको तथ्यांक अनुसार तरकारी तथा फलफूलको औसत थोक मूल्य एक वर्षमै ३७.१० प्रतिशतले बढेको छ । व्यवस्थापन समितिको तीन वर्षको मूल्य विवरणअनुसार २०८२ असोजमा प्रतिकिलो औसत ८७ रुपैयाँ ४६ पैसा रहेको मूल्य २०८३ असोजमा बढेर एक सय १९ रुपैयाँ ९१ पैसा पुगेको देखिन्छ । त्यस्तै, एक वर्षमा औसत मूल्य ३२ रुपैयाँ ४५ पैसाले बढेको छ । २०८१ असोजमा एक सय आठ रुपैयाँ ६५ पैसा रहेको औसत मूल्य २०८२ मा घटेर ८७ रुपैयाँ ४६ पैसामा झरेको थियो । तर, एक वर्षमै मूल्यले पुरानो स्तर पार गर्दै तीन वर्षकै उच्च बिन्दु छोएको छ । अहिलेको औसत मूल्य २०८१ असोजको तुलनामा पनि १०.३६ प्रतिशत बढी छ । यसले अघिल्लो वर्ष सस्तिएको बजारमा पुनः मूल्यवृद्धिको दबाब बढेको देखाउँछ । २०८१ असोजको तुलनामा २०८२ मा तरकारीको थोक मूल्यमा केही गिरावट आए पनि २०८३ को असोजमा आइपुग्दा अधिकांश घरायसी उपभोगका तरकारी र आयातित फलफूलको मूल्यमा पुनः वृद्धि भएको छ ।

समितिले उपलब्ध गराएको तीन वर्षको (वि.सं. २०८१ असोज २९, २०८२ असोज २६ र २०८३ असोज २८ गतेको) थोक मूल्य विवरण अनुसार बजारमा मौसमी उत्पादन, ढुवानी खर्च र बाह्य आयातका आधारमा मूल्य समायोजन हुने गरेको छ । तथ्यांक अनुसार अनुसार २०८१ असोज २९ गते सूचीकृत ४६ वटा तरकारी तथा फलफूलको औसत थोक मूल्य प्रति किलो एक सय आठ रुपैयाँ ६५ पैसा थियो । सो समयमा न्यूनतम औसत मूल्य ३२ रुपैयाँ ५० पैसा (फर्सी) देखि अधिकतम तीन सय ५७ रुपैयाँ ५० पैसा (ड्रागन फ्रुट) सम्म दर्ता भएको थियो । त्यस्तै, २०८२ असोज २६ गते सूचीकृत ४३ वटा वस्तुको औसत थोक मूल्य घटेर ८७.४६ मा झरेको थियो । सो वर्ष न्यूनतम औसत मूल्य २७ रुपैयाँ ५० पैसा (इस्कुस) र अधिकतम तीन सय सात रुपैयाँ ५० पैसा (ड्रागन फ्रुट) थियो । तर, २०८३ असोज २८ गते आइपुग्दा ४२ वटा वस्तुको थोक मूल्य विश्लेषण गर्दा औसत मूल्य एक सय १९ रुपैयाँ ९१ पैसा पुगेको छ । यस वर्ष न्यूनतम औसत मूल्य २९ रुपैयाँ ६० पैसा (भारतीय आलु) देखि अधिकतम ६ सय ४५ रुपैयाँ (भारतीय किवी) सम्म कायम भएको छ ।

यी हुन् निरन्तर महङ्गिदै गएका वस्तुहरू

तथ्याङ्क अनुसार केही स्थानीय तरकारीहरूको मूल्यमा तीन वर्षको अवधिमा निरन्तर वृद्धि भइरहेको छ । २०८१ असोजमा औसत ६२ रुपैयाँ ५० पैसा प्रति किलो रहेको सागको मूल्य २०८२ मा बढेर ८२ रुपैयाँ ५० पैसा र २०८३ असोजमा एक सय पाँच पुगेको छ । यस्तै, २०८१ मा प्रति किलो ८२ रुपैयाँ ५० पैसा रहेको सिमी २०८२ मा एक सय पाँच र २०८३ मा एक सय २४ रुपैयाँ पुगेको छ ।

२०८१ मा ३३ रुपैयाँ ७५ पैसा मूल्य रहेको लौका २०८२ मा ५७ रुपैयाँ ५० पैसा पुग्दा २०८३ मा बढेर ६७ रुपैयाँसम्म पुगेको छ । २०८१ मा ३४ रुपैयाँ ७५ पैसामा बिक्री भएको बन्दा २०८२ मा ४२ रुपैयाँ ५० पैसा पुगेको छ । यस २०८३ मा बन्दा बढेर ४७ रुपैयाँ पुगेको छ । यस्तै, भिण्डी र तिते करेलाको मूल्य पनि निरन्तर बढ्दोक्रममा छ । २०८१ मा प्रति किलो ४२ रुपैयाँ ५० पैसा रहेको भिण्डी २०८३ मा ७२ रुपैयाँ पुगेको छ भने तिते करेला ६७ रुपैयाँ ५० पैसाबाट बढेर एक सय १२ रुपैयाँसम्म पुगेको छ ।

भान्छामा दैनिक प्रयोग हुने गोलभेडा, प्याज र लसुन जस्ता वस्तुहरूको मूल्यमा भने तीव्र उतारचढाव देखिएको छ ।

▶ बाँकी ४ पेजमा

सस्तिए अदुवा र आलु

तथ्यांक अनुसार केही वस्तुको मूल्यमा भने लगातार गिरावट आई उपभोक्तालाई राहत मिलेको छ । २०८१ असोजमा प्रति किलो एक सय २२ रुपैयाँ ५० पैसा रहेको अदुवा २०८२ मा ८३ रुपैयाँ ७५ पैसा र २०८३ असोजमा प्रतिकिलो ७७ रुपैयाँमा झरेको छ । यस्तै, २०८१ मा ७२ रुपैयाँ ५० पैसा रहेको रातो आलुको मूल्य २०८२ मा ६१ रुपैयाँ ७५ र २०८३ मा ५७ रुपैयाँसम्म सस्तिएको छ । २०८१ मा प्रतिकिलो ५७ रुपैयाँ मूल्य रहेको भारतीय आलु २०८२ मा ३३ रुपैयाँ ५० पैसा र २०८३ मा २९ रुपैयाँ ६० पैसा कायम भएको तथ्यांकले देखाउँछ ।

बुलबुले कृषि हाट बजारका व्यवस्थापक केशर रास्कोटीका अनुसार बजारमा हुने मूल्य उतारचढाव मुख्यतया मौसम, स्थानीय उत्पादनको परिमाण र बाह्य आपूर्तिमा निर्भर रहने गर्दछ । 'स्थानीय स्तरमा सिजन अनुसार तरकारी उत्पादन बढी हुँदा मूल्य स्वतः घट्छ । २०८२ को असोजमा स्थानीय गोलभेडा र अन्य तरकारीको उत्पादन प्रशस्त भएकाले थोक मूल्य निकै तल झरेको थियो,' व्यवस्थापक रास्कोटीले भने ।

▶ बाँकी ३ पेजमा



सम्पादकीय....

नफस्टाएको कर्णालीको पर्यटन

कर्णालीमा पर्यटकको संख्या बढ्दै गएको छ। तर, पर्यटकको आगमन बढ्नु र पर्यटनबाट प्रदेशको अर्थतन्त्र बलियो हुनु एउटै कुरा होइन। सात वर्षमा १६ लाख ३९ हजार आठ सय ४३ आन्तरिक तथा बाह्य पर्यटकले कर्णालीका विभिन्न गन्तव्य अवलोकन गरेको सरकारी तथ्यांक छ। आर्थिक वर्ष २०७६/०७७ मा ११ हजार सात सय चार रहेको पर्यटकको संख्या २०८२/०८३ मा पाँच लाख ४० हजार सात सय २८ पुगेको छ। यो वृद्धि उत्साहजनक भए पनि कर्णालीको पर्यटन सम्भावनाअनुसार उपलब्धि हासिल हुन सकेको छैन। रारा, शे-फोक्सुण्डो, स्यार्पु, कुपिण्डे, काँक्रेविहार, बुलबुले र सिंजाजस्ता प्राकृतिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाले कर्णालीलाई विशिष्ट पर्यटकीय गन्तव्य बनाउने क्षमता राख्छन्। तर, सम्भावना भएर मात्रै पर्यटन विकास हुँदैन। गन्तव्यसम्म पुग्ने सहज सडक, भरपर्दो हवाई सेवा, स्तरीय आवास, स्वच्छ खानेपानी, सुरक्षा र प्रभावकारी प्रचारप्रसार आवश्यक पर्छ। कर्णालीको पर्यटन विकासमा यिनै आधारभूत पक्ष कमजोर छन्। पर्यटक गन्तव्यसम्म पुग्नै सास्ती खेप्नुपर्ने र पुगेपछि आवश्यक सेवा नपाउने अवस्था रहेसम्म पर्यटकको बसाइ लम्बिँदैन, स्थानीय अर्थतन्त्रमा पर्यटनको योगदान पनि बढ्दैन।

प्रदेश सरकारले पर्यटन विकासका लागि बजेट बढाउँदै लगेको छ। आर्थिक वर्ष २०७८/०७९ मा २३ करोड १५ लाख रुपैयाँ विनियोजन गरिएकोमा चालु आर्थिक वर्ष २०८३/०८४ मा ५३ करोड ८६ लाख रुपैयाँ पुगेको छ। सरकारले कर्णाली पर्यटन दशक सुरु गर्ने तयारीसमेत गरेको छ। प्रमुख गन्तव्यको संरक्षण, पूर्वाधार निर्माण, पहुँच विस्तार, प्रचारप्रसार र पर्यटन सेवाको गुणस्तर सुधार गर्ने लक्ष्य सकारात्मक छन्। तर, बजेट विनियोजन र कार्यक्रम घोषणा हुनु मात्रै उपलब्धि होइन। त्यसबाट कति पूर्वाधार बने, कति गन्तव्यमा पहुँच सहज भयो, कति रोजगारी सिर्जना भए र स्थानीय नागरिकको आम्दानी कति बढ्यो भन्ने आधारमा लगानीको प्रतिफल मापन हुनुपर्छ। पर्यटन दशकलाई अर्को औपचारिक घोषणा र बजेट खर्च गर्ने कार्यक्रमका रूपमा सीमित गरिनु हुँदैन। विगतमा अघि सारिएका पर्यटन सर्किटको अवधारणा र विभिन्न गन्तव्यका गुरुयोजनाको कार्यान्वयनको अवस्था पनि मूल्यांकन गर्न आवश्यक छ। रारा, शे-फोक्सुण्डो, स्यार्पु, कुपिण्डे र काँक्रेविहारजस्ता गन्तव्यलाई सडक, हवाई सेवा, पदमार्ग र आवश्यक पर्यटकीय सेवामार्फत जोड्न सके पर्यटकको यात्रा सहज बन्न सक्छ। गन्तव्यमा पुग्ने पर्यटकलाई थप दिन बस्ने वातावरण बनाउनु पनि उत्तिकै महत्त्वपूर्ण छ।

पर्यटन विकासको प्रत्यक्ष लाभ स्थानीय समुदायले पाउनुपर्छ। होमस्टे, स्थानीय परिकार, रैथाने उत्पादन, हस्तकला र पर्यटक पथप्रदर्शकसम्बन्धी सीप विकासलाई प्रभावकारी बनाउन सके पर्यटन रोजगारी र आम्दानीको आधार बन्न सक्छ। प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षणलाई बेवास्ता गरेर गरिने पूर्वाधार निर्माणले दीर्घकालीन पर्यटनलाई नै कमजोर बनाउँछ। कर्णालीसँग पर्यटक आकर्षित गर्ने सम्पदाको कमी छैन। कमी छ त तिनलाई सहज पहुँच, गुणस्तरीय सेवा र दिगो आम्दानीसँग जोड्ने प्रभावकारी कार्यान्वयनको। पर्यटकको संख्या बढेको तथ्यांकमा रमाउनेभन्दा उनीहरूको बसाइ, खर्च, स्थानीय रोजगारी र समुदायको आम्दानी बढाउनेतर्फ सरकारको ध्यान केन्द्रित हुनुपर्छ। पर्यटन दशकको सफलता घोषणामा होइन, कर्णालीका नागरिकको जीवन र अर्थतन्त्रमा देखिने परिवर्तनमा मापन हुनेछ।

स्थानीय निर्वाचनमा दलहरूको चुनौती



वीरेन्द्रप्रसाद यादव

> सत्तापक्षको चुनौती अलि थोरै भए पनि पुरानाहरूको चुनौती अलि बढी छ।

जेनजी आन्दोलनपछि गठन भएको नयाँ सरकारले सुशासन र भ्रष्टाचाररहित शासन व्यवस्था कायम गर्न विभिन्न परिवर्तनकारी एवं अग्रगामी भूमिका निर्वाह गर्दै आएको छ।

जसको विभिन्न किसिमले विश्लेषण भएको छ। न्यायालयदेखि हरेक निकायमा सहभागी भएकाहरूको विश्लेषण हुँदै छ, जसबाट विभिन्न क्षेत्रमा शुद्धीकरणको अपेक्षा बढ्दै छ। यद्यपि, पुराना दलहरूको शासनकालमा पनि केही बौद्धिक वर्ग कुनै दलमा आबद्ध नभई स्वतन्त्र तथा निष्पक्ष छन्। जसलाई पहिला पनि महत्त्व दिइएन र अहिले पनि खोजखबर देखिन्न। परिवर्तन र क्रमभंगताको नाममा उही व्यक्ति प्राथमिकतामा पर्ने गरेका छन्, जो पहिला पनि कुनै दलको सहयोगमा छिरेका छन्। अधिकांश अभियानमा असफलता मिल्ने गरेको छ।

वास्तवमा अहिले चाहिने भनेको त्यो वर्ग हो, जसले पहिला कुनै शक्तिको चापलुसी गरेको छैन। जो व्यक्ति मौका हेरी आफ्नो कित्ता परिवर्तन गर्ने गरेको छ, ऊ कहिल्यै पनि समग्र राष्ट्र वा समाजको हितमा हुँदैन। ऊ आफ्नो स्वार्थलाई मात्र हेर्छ। शक्तिको पछाडि दौडने हाम्रो समाजको पुरानो संस्कार नै भएकाले निष्पक्ष र स्वतन्त्र व्यक्तिको छनोट नै मुख्य कार्यभार हुनुपर्छ। दुई तिहाइको बहुमत हुँदा पनि एक्लोपनको कठिनाइ सार्वजनिक हुनु, आफ्नै दलका जनप्रतिनिधिबाट आलोचना हुनु, थोरै समयमा मन्त्रीहरू फेर्ने बाध्यता हुनु व्यक्ति छनोटमा अदूरदर्शिताकै परिणाम हो। हतारको निर्णयबाट असफलता पाउने गरेको छ, जुन पुराना दलहरूको ऊर्जा बन्दै छ भने सत्तापक्षको चुनौती। कसैलाई पक्राउ गर्नमा हतार गर्नुभन्दा बलियो प्रमाण जुटाएर पक्राउ गर्दा सफल भइन्छ। यसले निर्वाचनमा जनमत बढ्छ।

सरकारले फागुनभित्रमा स्थानीय निर्वाचन सम्पन्न गर्ने घोषणा गरेको छ। सम्भवतः प्रदेश सांसदको पनि निर्वाचन फागुनभित्र नै गराउँछ। स्थानीय तथा प्रदेश निर्वाचनमा पनि सत्तापक्षको बहुमत हुन आवश्यक छ किनभने संघीय संसद् दुई सदनात्मक छ-प्रतिनिधिसभा र राष्ट्रियसभा। प्रतिनिधिसभामा बहुमत भए पनि राष्ट्रियसभामा प्रतिनिधि नै छैन, जसले गर्दा सरकारले कानुन निर्माण गर्नमा असहज महसुस गरेको सार्वजनिक गर्ने गरेको छ। हुन पनि दुवै सदनमा बहुमत नभए कानुन सहज तरिकाले बन्न सक्दैन। त्यही भएर होला, सरकार कानुनभन्दा अध्यादेशमार्फत शासन गर्न बाध्य भएको छ।

फागुन २१ को निर्वाचनले वर्तमान सरकारलाई प्रचण्ड बहुमत दिए पनि बहुमत औचित्यहीन साबित भएको छ किनभने सरकारको दुवै सदनमा बहुमत छैन। यसर्थ, जनताले वर्तमान सत्तापक्ष र सरकारबाट प्रतिफलको अपेक्षा गरेका छन् भने राष्ट्रियसभामा पनि सत्तापक्षको बलियो पकड हुनैपर्छ। राष्ट्रियसभामा बलियो पकडका लागि स्थानीय निर्वाचनमा सत्तापक्षको बहुमत हुनुपर्छ। यसर्थ, जनताले फागुन २१ को निर्वाचनमा दिएको जनादेशका आधारमा भन्ने हो भने स्थानीय निर्वाचनमा पनि सत्तापक्षकै प्राथमिकता हुनुपर्ने देखिन्छ। राष्ट्रियसभाको स्रोत स्थानीय पदाधिकारी तथा प्रदेशसभा नै हो किनभने राष्ट्रियसभाका सदस्यको निर्वाचनका मतदाता स्थानीय पदाधिकारी एवं प्रदेशसभा सदस्य हुन्। स्थानीय निर्वाचनमा बहुमत भयो भने राष्ट्रियसभामा पनि बहुमत हुन्छ, जसबाट सरकारले सहज तरिकाले जनताको अपेक्षा पूरा गर्न सक्छ।

यो चुनौतीपूर्ण छ किनभने प्रतिनिधिसभाको निर्वाचनमा बेहोरेको हारबाट पुराना दलहरू चनाखो हुनुका साथै आफ्नो कमजोरी सुधार गर्न थालेका छन्। एक आपसमा गठबन्धन गर्न थालेका छन्। आफ्ना संगठनलाई सक्रिय बनाउन थालेका छन् भने सत्तापक्षमा फुट हाल्ने रणनीतिमा पनि लागेको देखिन्छ। सरकारले चलाएको कडा कारबाहीको मारमा परेका वर्गले सहानुभूतिलाई आफ्नो ऊर्जा बनाएका छन्। वर्तमान सरकारको पालामा बढेको महँगी, उच्छृंखलता र दण्डहीनतालाई आफ्नो औजार बनाएका छन्। अपरिपक्व अभिव्यक्तिले पनि आलोचना बढेको छ।

सामाजिक सञ्जालको नियमन नभएर पनि चुनौती बढ्दै छ। सत्तापक्षबाटै सरकारलाई हुने गरेको आलोचनाले पनि ऊर्जा पाउँदै छ। जसले चुनौती थपिँदै छ। सत्तापक्षको ग्रासरुटमा अद्यापि बलियो संगठन नहुनु, बितेको चुनावको परिणाम हेरी टिकटका लागि धेरै आकांक्षी हुनु, जिल्ला अधिवेशनमा विवाद देखिनु, सत्तापक्षमा नै दुई समूह रहेको सन्देश दिनुलगायतका कुरा स्थानीय निर्वाचनका लागि चुनौती रहेको देखिन्छ। यसै चुनौतीका कारणले पुराना दलहरू स्थानीय निर्वाचनमा हौसिएका छन्। यद्यपि, जनताले सत्तापक्षलाई चौतर्फी रूपले बलियो बनाउने अपेक्षा राखेका छन्। यस दृष्टिकोणले स्थानीय निर्वाचनमा पनि सत्तापक्षको सम्भावना बढी छ।

सत्तापक्षमा अनेकौं चुनौती देखिए पनि पुराना दलहरूमा खासै सुधार देखिन्न किनभने यिनीहरूले जनतामाझ कमजोरी स्वीकार पनि भएको देखिँदैन। उल्टै जनतासँग रुष्ट रहेको जस्तो व्यवहार देखाइएको छ। प्रचण्ड बहुमत पाएको सत्तापक्षको सकारात्मक कदमलाई सहयोग गर्नु र गलत कदमको आलोचना गर्नुले कमजोरी सुधारको संकेत हुन्छ तर त्यस्तो कसैले पनि गरेको देखिएन। आफ्नो कमजोरी सुधार गर्दै प्रथमतः आपसमा एकता गरिनुपर्नेमा अझै विभाजनकै मार्ग बलियो बनाएका छन्। सत्तरी काटेका नेताहरूको कुर्सीमोहले फागुन २१ को परिणाम आएको स्पष्ट देखिए पनि अझै सत्तरी काटेकाहरूले नै दलको नेतृत्वको अपेक्षा राखेका छन्। दलभित्रै आन्तरिक विग्रह पैदा गरेका छन्।

हरेक दलमा युवा पुस्ताको अपेक्षा भए पनि दलहरूले युवा पुस्तामा हस्तान्तरण गर्न तयार छैनन् भने नेतृत्व पाएको युवा पुस्तालाई केही दलले हटाउने प्रयासमा छन्। कुनै पुराना दलका शीर्ष नेताहरू ग्रासरुटमा जनतामाझ जान सकेको अवस्था छैन। जसले भएका पुराना संगठनहरू पनि सत्तापक्षतिर ढल्दै गएका छन्। केही नेताहरू न त पुराना दलमा आबद्ध छन्, न त आफ्नो नयाँ दल खोलेका छन्। सत्तापक्षले ग्रामीण भेगमा आफ्नो बलियो संगठन बनाउन नसके पनि पुराना दलहरूको पुरानो कमजोरीको उजागर गर्दै जनमतलाई आफ्नो पक्षमा पार्दै छन्। जसलाई पुराना दलले जनतामाझ स्पष्टीकरण पनि दिन सकेको अवस्था छैन।

विशेष गरी मधेसकेन्द्रित दलहरूको अस्तित्व नै संकटमय देखिए पनि कुनै नेतृत्व चनाखो देखिन्न। मधेसका जनताले रगत बगाई स्थापित गरेको मधेसको मुद्दालाई आधार बनाई आफ्नो जनमत बढाउनेतर्फ लाग्नुपर्नेमा त्यसतर्फ पनि पहल छैन।

वर्तमान सरकारले संविधान संशोधनको मार्गमा अगाडि बढेको छ, जबकि मधेसकेन्द्रित दलले संविधान जारी अवस्थादेखि नै संशोधनको माग राखेका छन्। यसर्थ, अहिले संविधान संशोधनको सवालमा आफ्नो मुद्दा अगाडि सारी सत्तापक्षसँगको सहमति बढाउनुपर्नेमा गर्न सकिएको छैन। सत्तापक्षले मधेसी युवालाई प्रधानमन्त्री बनाएर मधेसवादी दलहरूको औचित्यमै प्रश्न खडा गरिदिएको छ।

मधेसवादी दलबाट पटक पटक जितेर मन्त्री भएका, मेयर भएकाहरू अन्य दलमा आबद्ध हुन बाध्य छन्। यो उनीहरूको चुनौती मात्र होइन, सत्तापक्षका लागि अवसर नै हो।

स्थानीय निर्वाचनको विगतको अनुभव हेर्दा विशेष गरी पुराना नेताहरू जितेका थिए। अहिले पनि अधिकांश आकांक्षी पुराना पुस्ताकै छन् तर नयाँ शक्तिमा स्थानीय निर्वाचनमा पनि विशेष गरी युवा पुस्ताले नै दाबेदारी गरिरहेका छन्। जनताको अपेक्षा पनि अब युवा पुस्ताबाट नै काम हुने देखिन्छ किनभने मुलुकमा सुशासन कायम गर्न युवाहरूले बढी योगदान गरेको देखिएको छ। यसर्थ, स्थानीय निर्वाचनमा नयाँ दलभन्दा पुरानाहरूको बढी चुनौती देखिएको छ।

सत्तापक्षको चुनौती अलि थोरै भए पनि पुरानाहरूको चुनौती अलि बढी छ। पुराना दलहरूले आफ्नो चुनौती हटाउन मुख्य रूपमा आफ्नो पुरानो कमजोरी सुधार गरी जनतामाझ आत्मालोचना गरेर सत्तापक्षको सकारात्मक कामलाई सहयोग गर्नुपर्छ भने आफ्नै दलभित्रको भ्रष्टलाई कानुनको दायरामा ल्याई राज्यको अभियानमा सहयोग पुऱ्याउनुपर्छ। आन्तरिक रूपमा एकताबद्ध गरी युवा पुस्तामा नेतृत्व हस्तान्तरण तथा उम्मेदवार पनि युवालाई नै बनाउने नीति लिनुपर्छ। सत्तापक्षले विशेष गरी दलमा आबद्ध नभएका मोफसलका स्वतन्त्र, निष्पक्ष नागरिकहरूलाई पनि राज्य संयन्त्रमा अवसर दिने नीति लिनुपर्छ।

"साभार नागरिक अनलाईन"

विश्व

वैज्ञानिक अनुसन्धानमा एआईको प्रयोग विस्तार गर्दै गुगल

काठमाडौं २८ असोज ।

अमेरिकी प्रविधि कम्पनी गुगलले युरोपका २०० जना अनुसन्धानकर्तालाई आफ्ना सबैभन्दा उन्नत कृत्रिम बुद्धिमत्ता (एआई) मोडेल तथा वैज्ञानिक उपकरणमा पहुँच उपलब्ध गराउने घोषणा गरेको छ ।यस पहलले युरोपमा वैज्ञानिक अनुसन्धान, नवप्रवर्तन र प्रविधिगत प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ। डब्लिनमा आयोजित कृत्रिम बुद्धिमत्तासम्बन्धी शिखर सम्मेलनका क्रममा बुधबार जारी विज्ञप्तिमा गुगलले अनुसन्धान टोलीलाई आवश्यक कम्प्युटिङ क्षमता र अत्याधुनिक उपकरणहरू प्रत्यक्ष रूपमा उपलब्ध गराएर वैज्ञानिक अनुसन्धानको गति तीव्र बनाउने उद्देश्य रहेको जनाएको छ । युरोपेली आयोगको 'युरोपमा एआई विज्ञानका लागि स्रोत' योजनाअन्तर्गत छनोट भएका अनुसन्धानकर्ताहरूले गुगल डिपमाइन्ड र गुगल क्लाउडका विभिन्न उन्नत वैज्ञानिक प्रविधिमा पहुँच पाउनेछन् । ती प्रविधिमा अल्फाफोल्ड-३, वेदरनेक्स्ट, अल्फाजेनोम, अल्फाइभोल्भ र अल्फाअर्थ फाउन्डेसन्स समावेश छन् । यीमध्ये अल्फाफोल्ड-३ प्रोटिन तथा जैविक अणुहरूको संरचना र अन्तरक्रियासम्बन्धी अनुसन्धानका लागि उपयोगी छ । यसले वैज्ञानिकहरूलाई जैविक प्रक्रियाहरू बुझ्न तथा औषधि विकाससम्बन्धी अनुसन्धान अघि बढाउन सहयोग पुऱ्याउन सक्छ । त्यसैगरी, वेदरनेक्स्ट मौसमसम्बन्धी पूर्वानुमानका लागि विकसित गरिएको प्रविधि हो ।

पर्थमा नेपाल फेस्टिभल सम्पन्न, १० हजारभन्दा बढी दर्शक सहभागी

गैरआवासीय नेपाली संघ (एनआरएनए) पश्चिमी अस्ट्रेलियाको पर्थस्थित वेलिङ्गटन स्क्वायरमा आयोजित 'नेपाल फेस्टिभल पर्थ २०२६' सम्पन्न भएको छ।

नेपाली कला, संस्कृति, परम्परा र पहिचानलाई प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको फेस्टिभलमा १० हजारभन्दा बढी दर्शक सहभागी भएको आयोजकले जनाएको छ।

फेस्टिभलमा अस्ट्रेलियाली सरकारी अधिकारी, विभिन्न मन्त्री, सांसद तथा बहुसांस्कृतिक समुदायका प्रतिनिधि र अगुवाहरूको उपस्थिति थियो।

नेपाली समुदायको उल्लेख्य सहभागिता रहेको कार्यक्रममा नेपाली कला, संस्कृति र परम्परालाई अस्ट्रेलियाली समुदायमाझ प्रस्तुत गरिएको थियो।

फेस्टिभलमा नेपाली मौलिक संस्कृति र परम्परागत खानाका परिकार प्रमुख आकर्षणका रूपमा रहेका थिए।

नेपाली खानाका विभिन्न परिकारको स्वाद लिन पाउनुका साथै बालबालिकाका लागि विशेष रूपमा तयार गरिएको 'किड्स जोन' ले पनि कार्यक्रममा सहभागी परिवार को ध्यान खिचेको थियो।

महत्वपूर्ण टेलिफोन नम्बर

एम्बुलेन्स

एम्बुलेन्स (नेपाल रेडक्रस)	: ०८३-५२०३१०
एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी)	: ९८४८०२०८६७
एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति)	: ९८२२४११५८६
शव वाहन	: ०८३-५२४२३६/९८५८०४३६००
जिल्ला प्रहरी कार्यालय	: १००, ०८३-५२०२२२
जिल्ला ट्राफिक कार्यालय	: ०८३-५२५४९६
विद्युत फ्यूज सेवा	:०८३-५२०२६७/५२०२६५
महिला तथा बाल हेल्पलाइन	: १०९८
विमान स्थल	
सुर्खेत	: ०८३-५२१९४५/५२५२१९
जुम्ला	: ०८७-५२०१९०
मुगु ताल्चा :	
हुम्ला	: ०८७-६८००८०
डोल्पा	: ०८७-५५१०१९
चौरजहारी (पश्चिम रुकुम)	: ०८८-४०१०४८
नेपालगन्ज	: ०८१-५६५२०५
दमकल	
वीरेन्द्रनगर न.पा. :	: १०१
भेरीगंगा न.पा.	: ०८३-५४०११०, ९८५८०५१०५७
नारायण न.पा.	: ०८९-४१०२०१
अस्पताल	
दैलेख जिल्ला अस्पताल	: ०८९-४१०११७
प्रदेश अस्पताल सुर्खेत	: ०८३-५२३२००
सुर्खेत हस्पिटल प्रा.लि.	: ०८३-५२५४१७
माया नर्सिङ्ग होम प्रा.लि.	: ०८३-५२१४३०, ५२५४३०
एम्बुलेन्स (माया नर्सिङ्ग होम)	: ०८३-५२१४३०
एम्बुलेन्स (देउती नर्सिङ्ग होम)	: ०८३-५२०५२८
एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ)	: ९८४४८३५६६६
एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था)	: ९८६८११६०५२
जाजरकोट अस्पताल	: ०८९-४३०१२०
जिल्ला अस्पताल डोल्पा	: ०८७-५५०१११
जिल्ला अस्पताल मुगु	: ०८७-४६०१६२

आजको राशिफल

मेष — पारिवारिक मनमुटाव सम्पन्न हुनाले मन प्रसन्न रहनेछ। व्यापार व्यवसायमा दिखावा गर्नबाट बच्नुहोस्। कार्यक्षेत्रमा पिताको सहयोग मिल्नेछ।

वृष — व्यापार व्यवसायमा लाभ मिल्नेछ। अगाडि बनाएको योजनाहरू प्रारम्भ हुनेछन्। कार्यक्षेत्रमा यात्राबाट लाभ मिल्नेछ।

मिथुन — कार्यक्षेत्रमा अकस्मिक लाभले मन प्रसन्न रहनेछ। स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। नोकरी वा पेशामा पुरानो विवाद सुल्झिनेछ।

कर्कट — साझेदारी व्यापारमा नयाँ काम हात लागिपर्ला। जीवनसाथीको नोकरीमा पदोन्नति हुनेछ। विद्यार्थीहरूको कलात्मक क्षेत्रमा विकास हुनेछ।

सिंह — कार्यक्षेत्रमा लाभ मिल्नेछ। राजनीतिमा नेतृत्व गर्ने क्षमता बढ्नेछ। सामाजिक सञ्जालमा आफ्नो कुरा राम्ररी राख्न सक्नुहुनेछ।

कन्या — व्यापार व्यवसायमा गलत कुरामा विश्वास राख्दा हानि हुनसक्छ। विद्यार्थीहरूलाई पठनपाठनमा सफलता मिल्नेछ भने प्रतियोगी परिक्षामा पनि सफलता मिल्नेछ।

तुला — विश्वासपात्रबाट धोखा मिल्न सक्छ। दाम्पत्य जीवन सुमधुर रहनेछ। माताको स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ।

वृश्चिक — नयाँ नोकरीको खोजिमा सफलता मिल्नेछ। पारिवारिक खर्चमा वृद्धिले मन अशान्त रहनेछ। समाजमा प्रतिष्ठा बढ्नेछ। नयाँ पहिरनको अवसर

धनु — सन्तानको स्वास्थ्यलाई लिएर मन चिन्तित रहनेछ। कार्यक्षेत्रमा श्रम अनुरूप सफलता मिल्नेछ। व्यापार व्यवसायमा नयाँ योजनाहरू बन्नेछन्।

मकर — नयाँ कामले गर्दा दिनचर्यामा बदलाव हुनसक्ला। साहस र उत्साहमा वृद्धि हुनेछ। नोकरीमा प्रभाव बढ्नेछ साथै नयाँ जिम्मेवारी पनि मिल्नेछ।

कुम्भ — मन अशान्त रहनेछ। कार्यक्षेत्रमा सोचे अनुसार कार्य नहोला। स्वास्थ्यलाई लिएर धन खर्च हुनेछ। आर्थिक कारोबारको लागि उपयुक्त समय पर्खिनुहोला।

मीन — उच्च पदस्थ अधिकारीहरूको सहयोग र सरकारी वा प्रशासनिक मामलाहरूको लागि समयअनुकूल रहेको छ।

कर्णालीका मन्त्रीको सम्पत्ति : कोही करोडपति, कोही ऋणमा

पंखबहादुर शाही/रातोपाटी
सुर्खेत, २८ असोज ।

कर्णाली प्रदेशका मन्त्रीहरूले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरेका छन्। मुख्यमन्त्री मंगलबहादुर शाहीको सम्पत्ति यसअघि नै सार्वजनिक भए पनि मन्त्रीहरूको भने सार्वजनिक भएको थिएन। बुधबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइटमार्फत ६ वटै मन्त्रीको सम्पत्ति विवरण सार्वजनिक गरिएको हो। जसमा सबैभन्दा धनी आर्थिक मामिला तथा योजनामन्त्री टेकराज पछाई र सामाजिक विकासमन्त्री जितबहादुर मल्ल देखिएका छन्।

सामाजिक विकासमन्त्री जितबहादुर मल्लसँग करोडौंको भौतिक सम्पत्ति र जग्गाजमिन रहेको छ। मुगुको छायाँनाथ रारा नगरपालिका-१ घर भएका मल्लसँग लाखौं मूल्यका ४ वटा घर छन्। बाँकेको कोहलपुर नगरपालिका-७ मा ३७४.२५ वर्ग मिटर क्षेत्रफलमा बनेको घर छ, जुन पेसा-व्यवसायबाट आर्जन गरेको ३० लाख रुपैयाँमा खरिद गरेको उनले बताएका छन्।

त्यस्तै, पेसा-व्यवसायबाटै जोडेको उनकी श्रीमती राधिका मल्लको नाममा मुगुको छायाँनाथ रारा-२ मा ५० लाख मूल्य बराबरको अर्को घर छ। राधिकाकै नाममा मुगुको छायाँनाथ रारा-१ मा क्रमशः ५ लाख र १५ लाख रुपैयाँ खरिद मूल्यका अन्य दुई घर पनि छन्, जसको खरिद स्रोत 'नोकरी' उल्लेख गरिएको छ।

त्यसैगरी, श्रीमती राधिकाकै नाममा छायाँनाथ रारा का विभिन्न वडामा गरी १० ठाउँमा लाखौं मूल्यका जग्गाजमिन छन्। ती जग्गाको खरिद मूल्य ९७ लाख रुपैयाँ बराबर रहेको छ। जग्गा खरिदको स्रोतमध्य ४ वटा ठाउँको जग्गा ऋण र बाँकी नोकरी तथा व्यवसायबाट जोडेको उल्लेख छ।

मन्त्री मल्लले नोकरी र व्यवसायबाटै ४ तोला सुन र ५ तोला चाँदी जोडेको बताएका छन्। वि.सं. २०७२ मा खरिद गरेको उक्त सुनचाँदीको मूल्य ३ लाख ८० हजार रुपैयाँ उल्लेख गरिएको छ। उनीसँग बैंक मौज्दात ३ लाख रुपैयाँ छ भने श्रीमती राधिकाको नाममा विभिन्न बैंक तथा वित्तीय संस्थामा ६३ लाख रुपैयाँ ऋण रहेको उल्लेख छ।

विद्युतीय सामग्रीतर्फ १ लाख ९० हजारको एक थान मोबाइल, १ लाखको एक थान ल्यापटप र १ लाख ८० हजार बराबरको ट्याबलेट रहेको र ती सामानको स्रोत 'वैदेशिक रोजगारमा रहेकाले उपहार दिएको' जनाइएको छ।

अर्थमन्त्रीसँग छैन ऋण, सम्पत्ति करोडौं

जुम्लाको कनकासुन्दरी-६ घर भएका आर्थिक मामिला तथा योजनामन्त्री टेकराज पछाईसँग गाउँमा बुबाको नाममा ६० र १२ ९ वर्ग मिटरका दुईवटा पुख्र्यौली घर छन्। बुबाकै नाममा गाउँका विभिन्न २८ ठाउँमा पुख्र्यौली जग्गा छ।

त्यस्तै, बर्दियाको राजापुर नगरपालिका-२ का ३ वटा ठाउँमा जग्गाजमिन रहेको विवरणमा उल्लेख छ। उनीसँग २० तोला सुन र ५० तोला चाँदी छ, जसको स्रोत खुलाइएको छैन। विभिन्न बैंकमा गरी आफ्नो नामको खातामा ८ लाख र श्रीमतीको नाममा ४ लाख १५ हजार रुपैयाँ मौज्दात रहेको उनले उल्लेख गरेका छन्।

मन्त्री पछाईको सेयर बजारमा ठुलो लगानी रहेको छ। सम्पदा लघुवित्तमा ७२ लाख ३५ हजार ६०० रुपैयाँ बराबरको सेयर छ। कमसम बचत तथा ऋण सहकारीमा २ लाख ५० हजार तथा नबिल, कालिका लगायतका लघुवित्तमा ९ हजार कित्ता सेयर छ। यसको मूल्य बजारअनुसार रहने उल्लेख गरिएको छ।

उनकी श्रीमती तिला आचार्यको नाममा एक्सपर्ट हाइड्रोपावरमा २ लाख बराबरको सेयर छ भने आरम्भ चौतारी, सूर्यज्योति लाइफ, लाइफ इन्स्योरेन्स कर्पोरेसन, त्रिशूली जलविद्युत् कम्पनी लगायत दर्जनौं ठाउँमा गरी १६ हजार कित्ता सेयर रहेको उल्लेख छ। पछाईले केही सेयरको स्रोत 'सेयर कारोबार' त केही 'तलबबाट खरिद गरेको' खुलाएका छन्।

उनीसँग कुनै पनि ऋण छैन। सवारीसाधनतर्फ २ लाख ४० हजार मूल्यको बजाज मोटरसाइकल र २ लाख ८५ हजारको स्कुटर (श्रीमतीको नाममा) रहेको बताएका छन्, जसको स्रोत व्यक्तिगत आम्दानी तथा बैंकको जागिर राखिएको छ। कृषि तथा पशुपालन्नतर्फ उनीसँग जुम्लामा २०० बोट स्याउ, १५ बोट ओखर र एउटा गाई छ।

उनले नागरिक लगानी कोषमा आफ्नो नाममा ३ लाख ९२ हजार ६६४ र श्रीमतीको नाममा ५ लाख २१ हजार रुपैयाँ मौज्दात जम्मा गरेका छन्। विद्युतीय सामग्रीतर्फ २ थान एप्पल मोबाइल र १ थान ल्यापटप रहेको उल्लेख गरे पनि ती सामग्रीको मूल्य र स्रोत भने खुलाएका छैनन्।

जलस्रोत तथा ऊर्जा विकासमन्त्रीको ८ लाख ऋण

हुम्लाको अदानचुली-५ घर भएका जलस्रोत तथा ऊर्जा विकासमन्त्री कलबहादुर हमालसँग गाउँमा ०.३२३५ वर्ग मिटरमा फैलिएको पुख्र्यौली घर छ भने वीरेन्द्रनगरको लाटीकोइलीमा ५ लाख मूल्यको जमिन छ। व्यवसायबाट खरिद गरेको उक्त जमिनको मूल्य अहिले बढेको उल्लेख छ।

लाटीकोइलीमै अर्को ९६ वर्ग मिटरमा फैलिएको जमिन छोरी-ज्वाईंको जग्गा बैंक प्रयोजनका लागि रोक्का भएको पनि उनले उल्लेख गरेका छन्। हुम्लाको अदानचुली र ताँजाकोटमा गरी २५ कित्ताभन्दा बढी पुख्र्यौली/पैतृक जग्गा (अंशबन्डा हुन बाँकी) रहेको बताएका छन्। उनीसँग २०५७ सालमा २० हजारमा खरिद गरिएको २ तोला सुन र पैतृक ४० तोला चाँदी छ। चारवटा बैंकमा उनको २ लाख ७० हजार रुपैयाँ बराबर रकम मौज्दात छ, राडीपाखी १६ थान, गलैंचा १५ थान, तामा/पित्तलका भाँडा २०० थान र काँसका भाँडा १०० थान रहेको सम्पत्ति विवरणमा उल्लेख छ।

भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्रीसँग १० तोला सुन र ११० तोला चाँदी

हुम्लाकै सर्केगाड-२ घर भएकी भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री जुम्किम लामा (कार्की) को गाउँमा पैतृक घर छ। जिल्ला सदरमुकाम सिमकोट-६ मा १७.२५ वर्ग मिटरमा फैलिएको २५ लाख मूल्यको जग्गा आफ्नै नाममा रहेको उनले उल्लेख गरेकी छन् भने प्रदेश राजधानी वीरेन्द्रनगर-११ मा ३० लाख मूल्यको अर्को जग्गा पनि छ। यो जग्गा केही पैतृक र केही व्यवसायबाट जोडेको उनले बताएकी छन्। ससुराको नाममा हुम्लाको सर्केगाडमा ५० रोपनी पैतृक खेत/पाखो रहेको पनि उल्लेख छ। उनीसँग १० तोला सुन र ११० तोला चाँदी छ भने तुषो/मुगा/मोतीको माला २५ जसमध्ये २ लाख ५० हजार वैदेशिक रोजगारबाट प्राप्त र बाँकी तलबबाट जम्मा गरिएको उल्लेख छ। विभिन्न व्यक्तिहरू (सन्तोष शाही, हरि जैसी, छिरिङ लामा, पृथि शाही) बाट वैदेशिक रोजगार तथा अध्ययनका लागि कुल ८ लाख ऋण लिएको र चुक्ता गर्न बाँकी रहेको उल्लेख छ। यद्यपि, अध्ययनका लागि कसलाई पठाएको हो भन्ने कुरा खुलाइएको छैन। कृषितर्फ आफ्नै जग्गामा उत्पादित धान १५ मुरी, कोदो ३ मुरी, गहुँ/मकै ५ मुरी, सिमी/कागुनो २ मुरी रहेको तथा तोला र नगद २ लाख रुपैयाँ मौज्दात छ। यो सम्पत्ति पैतृक, दाइजो तथा पारिश्रमिकबाट जोडिएको उल्लेख छ।

बैंक मौज्दाततर्फ सिटिजन्स बैंकमा २० हजार, साङ्गिला विकास बैंकमा १५ लाख (श्रीमान्को दुर्घटना मृत्युदाबीबापत प्राप्त बिमा रकम), एनएमबी बैंकमा ११ हजार र छोराको नाममा सिटिजन्स बैंकमा ४२ लाख (बुबा चन्दसिंह कार्कीको दुर्घटना बिमा दाबीबाट प्राप्त रकम) रहेको उल्लेख गरेकी छन्। सवारीसाधनतर्फ छोराको नाममा ३ लाख मूल्यको १ थान मोटरसाइकल रहेको पनि उनले बताएकी छन्।

पर्यटनमन्त्रीसँग छैन घर

रुकुम पश्चिमको चौरजहारी-९ घर भएकी उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री कल्याणी खड्कासँग घर छैन। अविवाहित उनको बुबाआमाको घर जाजरकोट भूकम्पमा क्षति भएको थियो। गाउँमा अंशबन्डाबाट प्राप्त ४ कित्ता जग्गा रहेको उनले उल्लेख गरेकी छन्। त्यस्तै, दाङमा १२० वर्ग मिटरको ३ लाख ६० हजार मूल्य बराबरको घडेरी रहेको र उक्त घडेरी पनि अंशबन्डाबाटै प्राप्त गरेको बताएकी छन्। उनीसँग सुनचाँदी केही पनि छैन। बैंकमा बुबाबाट प्राप्त ५ लाख रुपैयाँ जम्मा गरेकी छन् भने ४ लाख ४६ हजार रुपैयाँ तलब, भत्ता तथा जग्गा बिक्रीबाट जम्मा गरेको उल्लेख छ।

सबैभन्दा गरिब भौतिकमन्त्री

रुकुम पश्चिमकै मुसीकोट-१३ घर भएकी भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री मिलन खड्का रोका सबैभन्दा गरिब देखिएकी छन्। मोती रोकाको नाममा गाउँमा कच्ची पुख्र्यौली घर छ भने आफ्नो र मोती रोकाको नाममा गरी ११ कित्ता पुख्र्यौली जग्गा रहेको उनले उल्लेख गरेकी छन्। उनीसँग माइतीमै रहँदा कमाएको २ तोला सुन छ। बैंक मौज्दात ९० हजार रुपैयाँ रहेको छ भने विभिन्न कम्पनी तथा संस्थामा ३ लाख बराबरको सेयर लगानी छ, त्यो पनि परिवार सगोलमा। आफन्तबाट लिएको १२ लाख रुपैयाँ ऋण तिर्न बाँकी रहेको उल्लेख गरेकी छन् भने घरमा एउटा गाई र ५ वटा बाख्रा रहेको बताएकी छन्। अन्य सम्पत्तिमा एउटा साधारण मोबाइल सेट मात्र उल्लेख छ। मिलन १० वर्षे सशस्त्र युद्धमा सङ्घर्ष गरेकी महिला नेत्री हुन्।

वीरेन्द्रनगरको प्रशासनिक भवनमा पहुँच परीक्षण

युग संवाददाता
सुर्खेत, २८ असोज ।

सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाको नवनिर्मित भवनको पहुँच परीक्षण गरिएको छ। नगरपालिकाको नवनिर्मित भवनबाट सेवा लिनुपर्ने सबै प्रकारका मानिसका लागि समान पहुँचयुक्त भए/नभएको बारेमा परीक्षण गरिएको हो। बुधबार वीरेन्द्रनगर नगरपालिकाको स्थानीय समन्वय समितिको पहलमा भवनको 'भवनको अपांगता पहुँचयुक्त' परीक्षण गरिएको हो। राष्ट्रिय अपांग महासंघ नेपालको आयोजना तथा द एसिया फाउण्डेसनको सहयोगमा सञ्चालित 'स्थानीय सरकार सवलीकरण' परियोजनाअन्तर्गत नगरपालिका भवनको परीक्षण गरिएको हो।



सबै प्रकारका अपांगता भएकाहरुको पहुँचका लागि भवनको आवश्यक संरचना, निर्माणको डिजाइनलगायत प्रवेशद्वारदेखि कार्य कक्षसम्मको परीक्षण गरिएको हो। उक्त परीक्षणमा निर्माण कम्पनीका प्राविधिक, नगरपालिकाका प्राविधिक तथा प्रशासनिक कर्मचारीहरुलाई पनि समावेश गरिएको थियो। अपांगता भएकाहरुलाई समेत उक्त परीक्षणमा सहभागी गराईएको थियो। कर्णाली प्रदेशको राजधानी भएको नगरपालिकामा प्रदेशमै धेरै सेवाग्राही हुने भएकाले अनिवार्य रुपमा कार्यपालिका भवन समान पहुँचयुक्त हुनेमा जोड दिईएको छ।

मुख्य संरचना निर्माण भएपनि फिनिसिङ गर्न बाँकी रहेको भवनमा अधिकांश संरचना पहुँचयोग्य रहेको राष्ट्रिय अपांग महासंघ कर्णाली प्रदेशले जनाएको छ। परीक्षणका क्रममा दर्ता चलानी लगायतका महत्वपूर्ण कार्यकक्ष बाहिर ब्रेलिपी र सांकेतिक चिह्न राख्न, टेक्टायल राख्न, आवश्यक यार्म्प निर्माण तथा सुधार गर्न सुझाव दिईएको छ। यस्तै अपांगता भएका व्यक्तिले प्रयोग गर्ने सवारी साधन पार्किङका लागि छुट्टै पार्किङ स्थल छुट्याउन र सांकेतिक चिह्न राख्न पनि सुझाव दिईएको छ। अपांगता भएका व्यक्तिहरुले भवनमा सहज, सुरक्षित र सम्मानजनक रुपमा प्रवेश गर्न, आवतजावत गर्न तथा सेवा लिन सक्छन् कि सक्दैनन् भन्ने मूल्याङ्कन गर्ने उद्देश्यले भवनहरुको पहुँच परीक्षण गरिन्छ। यस्तो परीक्षणमा भवनको प्रवेशद्वार, यार्म्प, भर्याङ, लिफ्ट, ढोका, शौचालय, करिडोर, संकेत चिह्न तथा पार्किङजस्ता संरचना अपाङ्गतामैत्री छन् वा छैनन् भन्ने जाँच गरिन्छ। विशेषगरी शारीरिक अपांगता भएका व्यक्ति, ह्विलचेयर प्रयोगकर्ता, दृष्टि तथा श्रवणसम्बन्धी अपांगता भएका व्यक्ति र ज्येष्ठ नागरिकले भवनभित्रका सेवा तथा सुविधामा समान पहुँच पाउन सक्ने अवस्था छ कि छैन भन्ने पहिचान गर्न यो परीक्षण आवश्यक हुन्छ।

भवन निर्माण आचारसंहितामा पनि अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका तथा अन्य व्यक्तिले भवनमा सहज, सुरक्षित र सम्मानजनक रुपमा प्रवेश गर्न, आवतजावत गर्न र सेवा सुविधा उपयोग गर्न सक्ने व्यवस्था गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक भवनमा अपांगतामैत्री प्रवेशद्वार, आवश्यकताअनुसार यार्म्प, ह्विलचेयर आवतजावत गर्न मिल्ने ढोका र करिडोर, पहुँचयोग्य शौचालय, लिफ्ट तथा दृष्टि र श्रवणसम्बन्धी अपांगता भएका व्यक्तिका लागि उपयुक्त संकेत र सूचना प्रणालीको व्यवस्था गर्नुपर्ने व्यवस्था गरिएको छ।

नेपाल रेडक्रस सोसाइटी

कर्णाली प्रदेश कार्यालय

शिलबन्दी कोटेशन आह्वान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८३/०६/२९)

नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रदेशद्वारा सञ्चालित दिगो विकासकालागि स्वास्थ्य, अनुकूलन तथा उत्थानशीलता (SUDHAR) परियोजना अन्तर्गत विभिन्न दृश्यात्मक सामग्री (Visibility Materials) **जस्तै क्याप टोपी, टिसर्ट, ज्याकेट, स्कार्फ आदि** उल्लेख्य संख्यामा खरिद गर्नुपर्ने भएकोले **इच्छुक उत्पादक फर्म तथा इजाजत प्राप्त आपूर्तिकर्ताहरूबाट** यो सूचना प्रकाशित भएको **मितिले १५ दिन भित्र** कार्यालय समयमा तपसिलको शर्तहरूको अधिनमा रही गोप्य शिलबन्दी कोटेशन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरू

१. कोटेशन फाराम नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रदेश कार्यालयबाट नगद रु. २,०००।- (फिर्ता नहुने गरी) प्राप्त गर्न सकिनेछ र जम्मा गरेको रकमको नगदी रसिदको प्रति कोटेशन साथ पेश गर्नु पर्नेछ।

२. कोटेशनदाता नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भई मूल्य अभिवृद्धि कर (VAT) तथा स्थायी लेखा नम्बर (PAN) मा दर्ता भएको र अद्यावधिक कर चुक्ता प्रमाणपत्र (Tax Clearance) प्राप्त गरेको हुनुपर्नेछ। शिलबन्दी कोटेशन खाम बाहिर कोटेशनदाताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिवार्य हुनुपर्नेछ।

३. एउटा फर्मबाट खरिद गरेको कोटेशन सोही फर्मबाट दर्ता गर्नुपर्नेछ। खरिद बाहेकको अन्य फर्मबाट पेश गरेको पाइएमा स्वतः अयोग्य ठहरिनेछ। कोटेशन फाराम खाम बन्द गरी लाहा छापले शिलबन्द गरिएको हुनुपर्नेछ, अन्यथा कार्यालयले उक्त कोटेशन दर्ता गर्न बाध्य हुने छैन।

४. कोटेशन फाराममा उल्लेखित प्रत्येक सामानको दररेट (भ्याट सहित) अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट वा टिपेक्स लगाएको अंक वा अक्षर मान्य हुने छैन।

५. कोटेशन फाराममा उल्लेख भएका सबै सामग्रीहरूको दरभाउ पेश गर्नुपर्नेछ, आंशिक रूपमा भरिएका कोटेशन फाराम रद्द गर्न सकिने छ।

६. कोटेशन फाराम दर्ता गर्ने अन्तिम मितिको दोस्रो दिन १:३० बजे (सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट) कोटेशनदाता स्वयं वा निजको प्रतिनिधिको उपस्थितिमा यस प्रदेश कार्यालयमा कोटेशन खोलिनेछ। कोटेशनदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा पनि शिलबन्दी कोटेशन खोल्न बाधा पर्नेछैन।

७. कोटेशनमा आफूले कबोल गरेको रकमको २.५ प्रतिशतले हुने रकम बराबर धरौटी स्वरूप नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट कोटेशन पेश गरेको अन्तिम मितिबाट कम्तिमा ९० दिन मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) वा सुर्खेत स्थित सिद्धार्थ बैंकमा रहेको नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रोभिन्स खाता नं ५५५०१३८४१८० मा जम्मा गरी सक्कल बैंक भौचर संलग्न गर्नुपर्नेछ।

८. कोटेशन स्वीकृत भएपछि कोटेशन अंकको १० प्रतिशत रकममा नघट्ने गरी कार्यसम्पादन जमानत जम्मा गर्नुपर्नेछ।

९. कोटेशन सम्बन्धी शर्तहरू नेपाल रेडक्रस सोसाइटीको आर्थिक तथा खरिद नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ। उक्त सबै सामग्रीका लागि परियोजनामा भएको बजेट भन्दा बढी भएमा कोटेशन स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१०. यस बाहेक थप जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नम्बर ०८३-५९०२५५, ५९०२५६ वा इमेल karnali.province@nrcs.org मा सम्पर्क गर्न सकिनेछ।

११. कोटेशन फाराम बुझाउने अन्तिम मिति २०८३/०७/१२ गते कार्यालय समय ५:०० बजे सम्म हुनेछ।

शिलबन्दी कोटेशन फाराम पेश गर्ने ठेगाना/स्थान:

नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रदेश कार्यालय, आँखा अस्पताल चोक, वीरेन्द्रनगर सुर्खेत

अब टेलिकमको सिमकार्ड पनि घरघरमै उपलब्ध

युग संवाददाता
काठमाडौं, २८ असोज ।

सरकारी सेवालाई डिजिटल र नागरिकमैत्री बनाउने उद्देश्य राखेको सरकारले अबदेखि नागरिकले चाहेकै स्थानमा नेपाल दूरसञ्चार कम्पनी (नेपाल टेलिकम)को सिमकार्ड उपलब्ध गराउने व्यवस्था मिलाएको छ।

सूचना तथा सञ्चारमन्त्री डा बिक्रम तिमिल्सिनाले आज मन्त्रालयबाट 'हुलाक-सिम सेवा' को शुभारम्भ गरे। सो सेवा सञ्चालनमा आएसँगै नागरिकले टेलिकमको सिमकार्ड लिन दूरसञ्चार कार्यालय पुगी राख्नुपर्ने छैन।

यस सेवाअन्तर्गत ग्राहकले अनलाइन आवेदन दिई आफ्नो नयाँ प्रिपेड 'फिजिकल' सिमकार्ड हुलाकमार्फत घरदैलोमा प्राप्त गर्न सक्नेछन्। सेवाग्राहीले नेपाल टेलिकमको वइभसाइटमा लगइन गरी त्यहाँ रहेको 'पोस्टल सिम पोर्टल'मा क्लिक गरेर आवश्यक विवरण उपलब्ध गराउनुपर्नेछ।

नागरिकले अनलाइनमार्फत व्यक्तिगत विवरण र नजिकको ठेगाना (ल्यान्डमार्क), फोटो र नागरिकतारर ाहदानीको फोटोसँगै नजिकको टेलिकमको काउन्टर छनोट गरी आवेदन पेस गर्नुपर्नेछ।

टेलिकमले कागजात जाँच र आवेदन स्वीकृत गरेपछि अनलाइनबाटै भुक्तानी गर्न सकिनेछ।

सिमका लागि ९० र हुलाक डेलिभरीका लागि ७० शुल्क लाग्ने छ। उक्त रकम जुनसुकै बैंकिङ एप वा डिजिटल वालेट वा नमस्ते पेबाट भुक्तानी गर्न सकिनेछ। त्यसपछि सेवाग्राहीको नजिकको हुलाक कार्यालयबाट सिम पठाइनेछ। सो सिम कहाँ पुग्यो भन्नेबारेमा समेत ट्र्याकिङ गर्न सकिने व्यवस्था गरिएको छ। हुलाक कर्मचारीले सेवाग्राहीको घरैमा सिम पुऱ्याइदिने छन्।

सरकारले हुलाक सेवालाई सुदृढ गर्दै आधुनिक सरकारी कुरियर सेवाका रूपमा अघि बढाउने प्रतिबद्धता जनाएको प्रसङ्ग उल्लेख गर्दै मन्त्री डा. तिमिल्सिनाले यो सिम डेलिभरी सेवा सोही प्रतिबद्धताको एउटा महत्वपूर्ण पाइला भएको बताए।

उनले आगामी दिनमा पोस्टपेड सिमकार्ड तथा टेलिकमका अन्य प्रशासनिक सेवा अनलाइनमा आधारित बनाउन आग्रह गरे।

सस्तिए...

साथै, बाह्य क्षेत्रबाट आउने तरकारी तथा फलफूलको आपूर्ति घट्दा २०८३ असोजमा सागपात, सिमी र आयातित फलफूलको मूल्य बढ्न पुगेको उनले बताए।

उनका अनुसार कर्णालीको कठिन भुगोलका कारण ढुवानीमा समस्या, लोडअनलोड गर्ने जनशक्तिको अभाव लगायतका कारणले पनि तरकारी तथा फलफूलमा मूल्यवृद्धि भएको हो।

उनले पछिल्लो समय तरकारीमा मात्रै होइन समर्ग क्षेत्रमा इजराय र इरान युद्धका कारण पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिले असर पारेको बताए।

कर्णालीका सांसदको आफन्त मोह, स्वकीयमा ज्वाईंदेखि छोरासम्मलाई नियुक्ति

शेरबहादुर थापा/न्यूज कारखाना
सुर्खेत, २८ असोज ।

कर्णाली प्रदेश सभामा रहेका २९ जना सभामुखसहित सांसदहरुले स्वकीय नियुक्तिमा केहि बाहेक अधिकांशले आफन्तलाई भर्ती गरेका छन्। तीन जनाले भने हालसम्म स्वकीय नियुक्ति गरेका छैन

तत्कालिन जेनजी विद्रोहबाट गठन भएको सुशिला कार्की नेतृत्वको सरकारले एक परिपत्र जारी गर्दै सांसदहरुको स्वकीय सुविधा खारेज गरेसँगै कर्णाली प्रदेश सभाले पनि ती सबै सांसदहरुको स्वकीय सुविधा खारेज गरेको थियो।

झण्डै एक वर्ष पछि कर्णाली प्रदेश सरकारले निर्णय गर्दै सुब्बा सरहको स्वकीय सुविधा प्रदेश सभामा रहेका सभामुखसहितका सांसदहरुलाई उपलब्ध गराउने निर्णय गरेको थियो। पूर्व भौतिक पूर्वाधार एवम शहरी विकास राज्यमन्त्री गमता विकले आफ्नै ज्वाईंलाई पुनः स्वकीयमा नियुक्ति दिएकी छिन्। उनका ज्वाईंको नाम दानबहादुर विक हो।

पूर्व आर्थिक मामिला तथा योजना मन्त्री महेन्द्र केसिले आफ्नै श्रीमती निर्मला केसिलाई नियुक्ति दिँदा पूर्व भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री भीम प्रकाश शर्माले सजना शर्मालाई नियुक्ति दिलाएका छन्। त्यस्तै, नेपाली काँग्रेसका प्रमूख सचेतक हिक्मतबहादुर विष्टले आफ्नै छोरा अशोक विष्टलाई नियुक्ति दिलाएका छन् भने पूर्व आर्थिक मामिला तथा योजना मन्त्री वेदराज सिंहले प्रकाश वावु सिंहलाई नियुक्ति थमाएका हुन।

पूर्व मन्त्री उर्मिला विश्वकर्माले मनिता विश्वकर्मालाई नियुक्ति दिदाँ इन्द्रा कुमारी शाहीले दिपेन्द्र शाहीलाई नियुक्ति दिईन। पूर्व मन्त्री दुर्गबहादुर रावतले जीवन रावतलाई स्वकीय सचिवमा नियुक्त गर्दा कदेवेन्द्र बहादुर शाहीले वर्णध्वज शाहीलाई नियुक्ति दिलाए। दक्षिणा शाहीले भुवन शाही, पूर्णबहादुर खत्रीले राजन केसीलाई नियुक्ति दिँदा वीरबहादुर शाहीले जित बम ठकुरीलाई नियुक्ति दिए। पूर्व मन्त्री विनोद कुमार शाहले सुमित्रा शाहीलाई नियुक्ति दिदाँ पूर्व मन्त्री सुरेश अधिकारीले मोहन शर्मालाई छाने।

त्यस्तै, राप्रपा सांसद सन्तोषी शाहीले सुजिता सिंहलाई रोज्दा राजीव विक्रम शाहले ललित बस्नेतलाई स्वकीय बनाएका छन्। काँग्रेस सांसद लक्ष्मी सुनारले धनसरा राना, पूर्व मन्त्री विजया बुढाले नवराज भण्डारी, शेरबहादुर बुढाले पदम बुढा, पूर्व मन्त्री विन्दमान विष्टले पदम बहादुर गुरुङलाई नियुक्त गरे। पूर्व मन्त्री खड्क बहादुर पोखरेलले संजय पोखरेललाई नियुक्ति दिएका छन्।

पूर्व मुख्यमन्त्री जीवनबहादुर शाहीले राजबहादुर रोकायालाई नै निरन्तरता दिए भने पूर्व मुख्यमन्त्री यामलाल कँडेलले यसकुमार चपाईलाई नै निरन्तरता दिएका छन्। जानकी सिंहले तेजबहादुर विसिलाई छान्दा पूर्व मन्त्री कृष्ण कुमार विसिले महेन्द्र सापकोटालाई नियुक्ति दिए। पूर्व मन्त्री घनश्याम भण्डारीले खगेन्द्र बहादुर खड्का, सभामुख नन्दा गुरुङले गंगाराम तिमिल्सेनालाई नियुक्ति दिए। प्रदेश सभामा पूर्व मुख्यमन्त्री राजकुमार शर्माको पद रिक्त भइसकेको छ। यद्यपी उनले कृष्णबहादुर रोकायालाई नै नियुक्ति दिएका थिए।

कर्णाली प्रदेश सभाका उपसभामुख यशोधा न्यौपाने, पूर्व मन्त्री कृष्णबहादुर जिसी र सांसद बलिमाया बुढाले भने स्वकीय सचिव नियुक्त नगरेको प्रदेश सभाका सूचना अधिकारी राजेन्द्र पौडेलले जानकारी दिए।

'कर्णाली प्रदेश सरकारले प्रदेश सभालाई स्वकीय नियुक्ति दिन भनेर पत्र पठाएको थियो। सोही आधारमा हामीले स्वकीय नियुक्ति गर्न सांसदहरुलाई खबर गरेका थियौं' उनले भने, 'तीन जना सांसद ज्यूले हालसम्म नियुक्ति गर्नु भएको छैन। उहाँहरुले पनि नियुक्ति गर्नुहुन्छ होला।'

जुम्लाका २२० नागरिकले घरमै पाए राहदानी

युग संवाददाता
जुम्ला, २८ असोज ।

शासकीय सुधार कार्यक्रमअन्तर्गत सुरु भएको हुलाकमार्फत घरमै राहदानी पुऱ्याउने सेवा जुम्लामा प्रभावकारी बन्दै गएको छ । बितेका पाँच महिनामा यहाँका २२० जनाले घरमै राहदानी पाएका छन् ।

जिल्ला प्रशासन कार्यालय, राहदानी शाखाका प्रमुख नर बहादुर बुढाले जिल्ला हुलाक कार्यालयसँग सम्पन्न सम्झौता अनुसार चालु आवको भदौसम्म १९८ जनाको राहदानी घरदैलोमै पुगेर वितरण गरिएको बताए ।

गत वर्ष ९७२ जनाले घर घरबाटै राहदानी पाएका थिए। चालु आवको दुई महिनामा १९८ जनाले राहदानी पाएका छन् । त्यसै गरी, जिल्लामा आठ हजार ६० जनाले राष्ट्रिय परिचयपत्र बनाएको प्रशासन जनाएको छ ।

लोककल्याणकारी...

महासंघ बाँके शाखाका सचिव कृष्ण ओलीले सञ्चालन गरेको कार्यक्रममा उपाध्यक्ष रेजिना मल्लले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन् ।

यी...

२०८१ असोजमा ठूलो नेपाली गोलभेडाको थोक मूल्य एक सय २७ रुपैयाँ ५० पैसा र भारतीय गोलभेडाको मूल्य एक सय २३ रुपैयाँ ७५ पैसा रहेकोमा २०८२ मा भारी गिरावट आई क्रमशः ३७ रुपैयाँ ५० पैसा र ५१ रुपैयाँ ७५ पैसामा झरेको थियो । तर, २०८३ असोजमा पुनः बढेर नेपाली गोलभेडा ६७ र भारतीय गोलभेडा ६२ रुपैयाँ पुगेको छ ।

त्यस्तै, २०८१ मा प्रति किलो एक सय २३ रुपैयाँ ७५ पैसा रहेको प्याज २०८२ मा घटेर ४७ रुपैयाँ ५० पैसामा झरेको थियो भने २०८३ मा पुनः बढेर ९२ रुपैयाँ पुगेको छ । २०८१ मा दुई सय ७० रुपैयाँ रहेको लसुन २०८२ मा घटेर एक सय ४५ रुपैयाँमा झरेको थियो । तर, २०८३ मा बढेर दुई सय ९४ रुपैयाँ पुगेको तथ्यांकले देखाउँछ ।

स्थानीय तहको निर्वाचनमा रास्वपाबाट उम्मेदवार बन्न चार तहको परीक्षा

युग संवाददाता
काठमाडौँ, २८ असोज

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले स्थानीय तहको निर्वाचनमा परम्परागत 'नेताको मनोमानी र कोठाभित्रबाट टिकट वितरण' अन्त्य गर्ने दाबीसहित 'उम्मेदवार छनोट रूपरेखा' सार्वजनिक गरेको छ ।

पार्टीको स्थानीय निर्वाचनका लागि उम्मेदवार छनोट रूपरेखा २०८३ को परिच्छेद-९ अन्तर्गत राखिएको विशेष व्यवस्थाले यस्तो व्यवस्था गरेको हो । रूपरेखाअनुसार अब पार्टीबाट पालिका प्रमुखरउपप्रमुख, वडाध्यक्ष र वडा सदस्यका उम्मेदवार बन्न चार चरण पार गर्नुपर्नेछ ।

उम्मेदवार बन्न चाहने आकांक्षीहरूले पाउने टिकट १०० पूर्णाङ्कको समग्र मूल्याङ्कनका आधारमा तय हुने जनाइएको छ ।

प्रारम्भिक निर्वाचन- ४० प्रतिशत लिडरसिप एकेडेमी- २५ प्रतिशत पोलिटिकल प्रोक्सिमिटी (संगठन र लोकप्रियता)- २५ प्रतिशत

समावेशिता(सीमान्तकृत तथा विविधता)- १० प्रतिशत

रास्वपाका अनुसार प्रारम्भिक निर्वाचन हुनुअगावै लिडरसिप एकेडेमी, पोलिटिकल प्रो क्सिमिटी र समावेशिताको मूल्याङ्कन सम्पन्न गरी अंक के न्द्रीय सर्भरमा गोप्य रूपमा ' डिजिटल लक' गरिने छ । सबै प्रक्रिया सकिएपछि मात्र डिजिटल लक खोलेर एकमुष्ट स्कोरकार्ड सार्वजनिक गरिनेछ ।

उम्मेदवार बन्न चाहने जोको हीले पार्टीको 'लिडरसिप एकेडे मी' अन्तर्गत १० वटा विषयगत मोड्युलमा तालिम लिएर पर ीक्षा उत्तीर्ण गर्नु पर्नेछ । यसमा संविधान, स्थानीय सरकार सञ्चालन ऐन, बजेट निर्माण, सुशासन, सार्वजनिक खरिद, डिजिटल साक्षरतार एआईको प्रयोग, विपद् व्यवस्थापन र सञ्चार कलाजस्ता विषय र ाखिएको छ । परीक्षामा न्यूनतम मापदण्ड पार गर्न नसक्ने आकांक्षी छनोट प्रक्रियाबाट स्वतः बाहिरिने रूपरेखामा बताइएको छ ।

यी हुन् रास्वपा उम्मेदवार छनोटका १० नयाँ र रोचक व्यवस्थाहरू :

१. **'नो भोट' (ल्इत्ब) को अधिकार** प्राइमरी चुनावमा ' माथिका कुनै पनि होइनन्' (ल्इत्ब) ले सबैभन्दा बढी मत ल्याएमा सबै आकांक्षीको मनो नयन स्वतः खारेज भई पुनः चुनाव हुने ।

२. **उम्मेदवार हुन परीक्षा** अनिवार्य 'लिडरसिप एकेडे मी' को तालिम लिई स्थानीय सुशासन, कानुन र प्रविधिसम्बन्धी परीक्षा पास नगर्ने व्यक्ति उम्मे दवार बन्नै नपाउने ।

३. **दोहोरो अवसरमा रोक** २०८२ को संघीय चुनावमा टिकट पाएका, सांसद भएका वा समानुपातिकको बन्दसूचीमा रहे काहरूलाई स्थानीय चुनाव लड्न पूर्ण बन्देज ।

४. **कडा कानुनी र नैतिक स्वघोषणा** मिटरब्याज, सहकारी ठगी, घरेलु हिंसा र साइबर बुलिङ नगरेको, वैवाहिक अवस्था स्पष्ट भएको र ठेक्कापट्टामा स्वार्थ नबाझिएको लिखित स्वघोषणा अनिवार्य ।

५. समावेशितामा नयाँ अभ्यास विगतमा सांसद, मन्त्री वा लाभको पद लिइसकेका व्यक्ति र तिनका परिवारलाई समावेशिताको थप अंक नदिइने। ४० वर्षमुनिका युवा र फर्किएका उद्यमीलाई विशेष प्राथमिकता ।

६. **ब्लाइन्ड भोटिङ प्रणाली** मतदाता प्रभावित नहोउन् भनेर प्राइमरी चुनावको मतदान नसकिँदासम्म उम्मेदवारले पाएको अन्य अङ्क सर्भरमा ' डिजिटल लक' (गोप्य) राख्ने व्यवस्था ।

७. **ल्याटरल इन्ट्री खुला बाहिरका प्रतिष्ठित र लोकप्रिय** नयाँ अनुहारलाई सीधै चुनाव लडाउन विशेष प्रक्रिया (ल्याटरल इन्ट्री) खुला 'कुलिङ पिरियड' (४५/९० दिन) कुर्नु नपर्ने ।

८. **नेतृत्वलाई १५% विशेषाधिकार** विशेष परिस्थितिमा कुल उम्मेदवारमध्ये १५% सम्म केन्द्रीय सचिवालयले सीधै छनोट गर्न सक्ने (केन्द्रीय समितिबाट अनुमोदन गराउनुपर्ने)।

९. **गुटबन्दी र धाँधली गरे सदस्यता खारेज** आफ्ना प्रतिस्पर्धीविरुद्ध दुष्प्रचार गर्ने, डिजिटल प्रणालीमा ह्याकिङ गर्ने वा आर्थिक लेनदेन गरेमा उम्मेदवारीसँगै पार्टी सदस्यता नै खारेज हुने ।

१०. **२५% सहभागिता अनिवार्य (थ्रेसहोल्ड)** प्राइमरी निर्वाचनले मान्यता पाउन कुल मतदाता (पार्टी सदस्य) मध्ये कम्तीमा २५ प्रतिशतले मतदान गरेकै हुनुपर्ने ।

घुयँत्रो



नेपो बेबिहरको सरकार । भ्रष्टहरुको सरकार, बेथितिको सरकार ,असक्षम सरकार,भन्या जस्ता अनेकौं विभूषणले सत्तोसराप गरेर पुराना दलको सरकारको खेदो खनेर नथाकेका जेनजीहरु ऐले तिनरको सरकारछ । मूल्यबृध्दिले आकाश छोईसक्यो नुनदेखि सुनसम्मका अर्थात मानिसले प्रयोग गर्ने हरेक बस्तुमा सय देखि तीनसय प्रतिसतसम्म मूल्य बढ्याछ । दशैंको बेला मूल्यबृध्दि गर्न दिन्नम भन्नेदेखि दैनिक बजार अनुगमनका समाचार तिनै जेनजीका सन्जालमा भाईरल बनिराछन । तर मुल्य बृध्दि गर्ने तिनै ब्यापारीलाई कार्वाहि गरेको र मूल्य घटाएको समाचार कैल्यै आउन्न । तर उल्टै दुरसन्चारले दिने नेटको सेवामा समेत धानी नसक्नु मूल्य बृध्दि गरेर अनर्गल प्रचार गरिएको छ ।तर ,सरकार भने मूल्य बृध्दि भा छैन भन्ने प्रेस विज्ञप्ति भाईरल गर्न लाउँछ । अनि दुरसन्चार पुराना सम्पुर्ण प्याकेज हटाएर नयाँ प्याकेज जारी गर्छ । पुरानै प्याकेजको क्षमतामाले प्रसस्त पुग्ने वाईफाई चलाउने ग्राहक जवर्जस्ति नयाँ प्याकेज लिन बाध्य छन । जुन सामान्य जनताले त्यो प्याकेज प्रयोग गर्न पनि सक्दैनन । र , उनिहरुलाई त्यो प्याकेज आबस्यक पनि छैन । जनताको क्रयशक्ति बढाउने कुनै पनि काम यो ७ मैनाँ सरकारले कहिँकतै गर्न सक्या छैन । खाली बजार मूल्य बृध्दि नगर्नु गरे कार्वाहि हुन्छ भन्ने उर्दि जारी गरेको गर्यैछ । यै सूचना गरेछि सरकारको जिम्मेवारी पूरा भएको सम्झने यो सरकारले आफ्नो भान्छा र वरिपरि मुल्यबृध्दि भएको देखेको होला कि नाई जनताहरु दिक्क छन । ऐलेको बजारको मूल्यबृध्दिले " जति जोगी आएनि कानै चिरियका " भन्ने उखानलाई ठ्याक्कै चरितार्थ गरेको आखिर जसरि हिजोकने सरकार जनताप्रति जिम्मेवार थिएन र जिम्मेवार बनाउने सरकार ल्याउँछम् भनेर जेनजीको रुपभारण गरेर जसरि ऐलेको सरकारको नेतृत्व गर्नेहरु आए तर , यो नै सरकारले पनि जनताप्रतिको जिम्मेवारी सम्झेको कतै देखियन । जतातै हिजोको जस्तै अस्थिरताछ । सरकारी कनर्यालय वा संघ संस्थामा काम गराईको तौर तरिका र प्रोसेसहरु हिजो जस्ता थिए आजपनि त्यस्तै छन । हिन्दु नेपाली मात्रको महान चाड दशैंको मुखैमा बजारको मूल्यबृध्दिले जनतालाई थला पारेकोछ । चाडबाड भनेर जनतामा कुनै उत्साह र केटाकेटीमा कुनै उमङ्ग र खुशियालि छैन । हरेक नेपालीले दशैंमा राम्रो लाउने, मिठो खाने ख्वाब पालेर बर्ष दिनदेखि कुरेर बसेको हुन्छ । तर,यै दशैंको मुखमा आएर व्यापारी हरुले मूल्यवृद्धि गरेर रातारात कमाउने अबसर खोज्दा जनता देशमा सरकारै नभए जसरि मुल्यबृध्दि सहन बाध्य छन। सरकार भने यो अबस्थालाई रोक्नुको सट्टा टुलुटुलु हेरेर बसीरहेकोछ । र , पनि सरकारका दाशहरु भने आँखा चिम्म गरी लम्पसार परेर सरकारको गुणगान मस्तछ भने सरकारको वाहवाहि नगर्नेहरुप्रति आक्रमक शैलिमा खनिएको खनियैछ । यहि अबस्था देशमा रै रह्यो भने केही महिना भित्रै मान्छेहरु दुई छाक खान नपाएर मर्ने अबस्थाँ पुग्नेछन भने समाजमा ऐले देखिएको अस्थिर अबस्था र सर्बसाधारण प्रति सरकारले सुरक्षा दिन नसकेर दैनिक समाजमा जसरि घटना घटि रहेका छन र सामान्य नागरिकले असुरक्षाको महसुस गरि रहेकोछ । यसले जेनजी सरकारको असफलताको बाटोबाहेक अरु केही कोरीरहेको छैन । सरकारको गिर्दो साखलाई बचाउने हो भने सरकार सचेत बनोस र जनताकन आबस्यकताका काम गरोस । हैनभने जनताले यो सरकारलाई पनि तिनै पुराना दलको कोटिमा पुर्याउने छन । प्रधानमन्त्री ज्यु हेक्का रहोस पुराना दललाई लखेटने जनताले नयाँलाई लखेटदैनन भन्ने के ग्यारेन्टी छ र ? चेतना भया !

घरायसी सामानहरूका लागि :

भवानी अर्डर एण्ड सप्लायर्स

वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्सर, ग्याँस चुल्हो, राइसकुकर, कराही, कोल बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मूल्यमा पाईन्छ ।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश ल्याङ्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

सुरक्षित यात्राका लागि ट्राफिक नियमको अनिवार्य पालना गरौं ।

- यात्रा गर्दा सवारी साधनको अवस्था जाँच गरौं,
- चालकले तोकिएको गति र सिमाको पालना गरौं।
- मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं,
- मादक पदार्थ सेवन गरी सवारी नचलाऔं,
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं,
- क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- लामो यात्रा गर्दा सवारी चालकले आवश्यक विश्राम लिने गरौं,
- सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं।


नेपाल सरकार
विज्ञापन बोर्ड

RARA Printing Pvt.Ltd.

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई

रारा प्रिन्टीङ्ग प्रा.लि.

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)



Book & Copy Printing

Packaging Box Printing

Wedding Card Printing

Stamp

Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत ।